**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४ मितिः २०८१।०७।२९

**भाग-२**

# असाहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रम संचालन निर्देशिका, २०८१

**जैमिनी नगरपालिका**

# असाहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रम संचालन निर्देशिका, २०८१

**जैमिनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कुश्मिसेरा बागलुङ**

कार्यपालिकाबाट स्वीकृत मिति २०८१ कार्तिक २९ गते

**प्रस्तावनाः**

नेपालको संविधान र बालबालिका ऐन, २०७५ ले प्रत्येक बालबालिकालाई शिक्षाको अधिकार, संरक्षण, र पालनपोषणको सुनिश्चित गरेको छ। नेपालमा थुप्रै बालबालिका असहाय र अनाथ अवस्थामा रहेका छन्, जसले गर्दा उनीहरू आधारभूत अधिकारहरूबाट बञ्चित भएका छन्। यस्तो अवस्थाले बालबालिकाको शारीरिक, मानसिक, र सामाजिक विकासमा बाधा पुऱ्याउँछ र दीर्घकालीन रूपमा समाजको विकासमा अवरोध खडा गर्छ।यस सन्दर्भमा, जैमिनी नगरपालिकाले असाहाय तथा अनाथ बालबालिकाहरूको जीवनस्तर सुधार्न, उनीहरूको शिक्षामा पहुँच वृद्धि गर्न, र उनीहरूलाई समग्र समाजमा आत्मसम्मानका साथ बाँच्न सक्षम बनाउन आवश्यक पहल गर्दै आएको छ। नगरपालिकाले यी बालबालिकाहरूको संरक्षण, पालनपोषण, र आवासीय सुविधासहितको शिक्षा प्रदान गर्न एक विशेष कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक देखिएको छ।

जैमिनी नगरपालिका क्षेत्र भित्रका असाहाय र अनाथ बालबालिकाहरुलाई सुरक्षित आवास सहित पौष्टिक खाना, आधारभूत स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षामा पहुँच उपलब्ध गराउने र बालबालिकाहरूको उज्ज्वल भविष्य निर्माण गर्न र उनीहरूलाई सक्षम नागरिक बनाउन मद्दत पुऱ्याउने अभिप्रायले जैमिनी नगर शिक्षा ऐन,२०८० को दफा ६५(२) तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी असाहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रम संचालन निर्देशिका, २०८१ जारी गरिएको छ।

## परिच्छेदः १

१. संक्षिप्त नाम र प्रारम्भ : यस निर्देशिकाको नाम "असाहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रम संचालन निर्देशिका, २०८१" हुनेछ ।

२. यो निर्देशिका जैमिनी नगरपालिका नगर कार्यपालिकाको बैठकबाट निर्णय भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति बाट प्रारम्भ हुनेछ ।

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. अनाथ बालबालिका भन्नाले बाबु आमा दुवैको मृत्यु भइ पालनपोषणका लागि अन्य कुनै संरक्षक नभएका बालबालिका संझनुपर्दछ ।

ख. असाहाय बालबालिका भन्नाले आर्थिक, सामाजिक. शारिरीक वा मानसिक रुपमा असाहाय भइ संरक्षणको अभावमा रहेका बालबालिका संझनुपर्दछ ।

ग. बालबालिका भन्नाले १८ बर्ष पुरा नभएका बालबालिका संझनुपर्दछ ।

घ. आया भन्नाले आवासमा रहि भान्छे तथा सहयोगीको रुपमा कार्य गर्ने व्यक्ति संझनु पर्दछ ।

घ. नगरपालिका भन्नाले जैमिनी नगरपालिकालाई संझनुपर्दछ ।

ङ. लिड स्कुल भन्नाले जैमिनी नगरपालिका वडा नं. ५ स्थित श्री सर्वोदयजनक माबि बिनामारे लाई जनाउनेछ।

## परिच्छेदः २

**४. उद्देश्यः**

क. असाहाय तथा अनाथ बालबालिकाहरूलाई आवश्यक संरक्षण, पालनपोषण, शिक्षा, स्वास्थ्य र अन्य आधारभूत आवश्यकताहरू उपलब्ध गराउने।

ख. बालबालिकालाई आत्मसम्मानका साथ समाजमा बाँच्न सक्षम बनाउने।

ग. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै उनीहरूको सर्वांगीण विकास गर्ने।

**५. कार्यक्रम संचालन हुने स्थानः**

क. कार्यक्रमको संचालन स्थल श्री सर्वोदय जनक माध्यमिक विद्यालय, जैमिनी-०५, बिनामारे मा हुनेछ।

ख. यस विद्यालयमा बालबालिकाहरूका लागि आवासीय सुविधा सहितको शिक्षा प्रदान गरिनेछ।

**६. बालबालिका छनौटको बिधि, आधार र प्राथमिकताक्रमः**

जैमिनी नगरपालिका भित्रका १० वटै वडा बाट चालु आर्थिक वर्षमा २० कोटामा बाल बिकास देखि कक्षा १२ सम्म अध्ययनका लागि बालबालिका छनौट गरिनेछ र आगामी शैक्षिक वर्षहरूमा नगरपालिका भरिबाट १० कोटामा बालबालिका छनौट गरिनेछ। उक्त आवाशिय सुबिधा दिने कोटा संख्या अधिकतम ३० भन्दा बढी हुने छैन । छनौट गर्ने कार्य वडा समितिले गर्नु पर्नेछ सोको आधार र प्राथमिकताक्रम देहाय बमोजिम हुनेछ ।

१. यो कार्यक्रम निम्न बमोजिमको लाभग्राही बालबालिकाको लागि सञ्चालन गर्नुपर्नेछ-ः

   क. आमा बाबु दुबैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका ,

   ख. आमा बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

   ग. आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

घ. आमा वा बाबु कुनै एकको मृत्यु, बेपत्ता, दोश्रो विवाह गरी टाढा बसेको, बौद्दिक वा इन्द्रीय सम्बन्धी दिर्घकालिन अशक्तता भएका, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका ।

ङ. आफ्नो सम्पत्ति नभएकोवा संरक्षक नभएको स्याहार सुसार गर्ने परिवारको सदस्य , बालबालिका ।

२. वडा समितिको निर्णयबाट बालबालिका छनौट गरी आवेदनसाथ देहायका कागजात संलग्न गरि नगरपालिकामा सिफारिस गर्नुपर्नेछ -ः

क. बालबालिकाको अनुसूचि १ बमोजिमको आवेदन पत्र,

ख. बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

ग. अभिभावक हुनेहरुले अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

घ. बाबु/आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ङ. अभिभावक पूर्ण अपाङ्गता भएमा अपाङ्गता कार्डको प्रतिलिपि,

च. बाबुआमा बेपत्ता भएको, मानसिक रोगी भएको सन्दर्भमा प्रमाण खुल्ने कागजात ।

छ. सम्बन्धित वडा समितिको निर्णय ।

३. वडा समितिले बालबालिका छनौटका लागि दफा ६(१) बमोजिमको प्राथमिकताक्रममा क्रमशः पहिलो, दोश्रो, तेश्रो, चौथो र पाँचौ क्रममा निर्धारण गर्नुपर्नेछ एकै प्रकारका आवेदकहरू मध्येबाट छनौट गर्नु परेमा पहिलोमा हाल बाल श्रमिकको रूपमा काम गरिरहेका बालबालिका, दोश्रोमा विद्यालय बाहिर रहेका बालबालिका र तेश्रोमा आफ्नो सम्पति नभएका बालबालिका बालबालिकालाई प्राथमिकता दिनु पर्नेछ, वडामा नभएमा छनौट गरिनेछैन ।

४. वडाबाट सिफारिस भइ आएको बालबालिकालाई आवाशिय सुविधा व्यबस्था उपलव्ध गराउन देहाय बमोजिमको छनौट तथा मुल्यांकन समिति रहने छ, सो समितिको निर्णयबाट नगरपालिकाले असाहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रम संचालन हुने लिड स्कुलमा पठाउनु पर्नेछ ।

| | | |
|---|---|---|
| १. | नगर उपप्रमुख | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ४. | महिला तथा बालबालिका क्षेत्र हेर्ने कर्मचारी | सदस्य |
| ५. | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेदः ३

### ७. अनुदान र कोषको व्यवस्था, खर्च, र उपयोगः

क. प्रति विद्यार्थी वार्षिक रुपमा निश्चित रकम अनुदान प्रदान गरिनेछ, जसलाई त्रैमासिक किस्तामा नगरपालिका बाट भुक्तानीहुने व्यवस्था गरिनेछ । सो का लागि लिड स्कुलले प्रत्येक त्रैमासिकमा बिद्यार्थीको हाँजिरी, आयाको हाँजिरी, खर्चको बिल भरपाई सहित शिक्षा युवा तथा खेलकुद शाखामा माग फाराम पेश गर्नु पर्नेछ । गरिनेछ।उक्त रकम बिद्यालय व्यबस्थापन समितिको निर्णयबाट तोकिएका शिर्षकहरुमा खर्च हुने व्यबस्था मिलाउनु पर्नेछ।

ख. नगरपालिका द्वारा विनियोजित बजेट चालु आ वमा खर्च नभई बचत हुन आएमा त्यसरी बचत हुन आएको रकम आर्थिक बर्षको अन्त्यमा नगरपालिकाकै बालकोष सञ्चालन कार्यविधि २०८१ अनुसार सञ्चालन हुने नगर बालकोषको खातामा हस्तान्तरण भई जानेछ र यस निर्देशिका अनुसार बालकोषको खातामा हस्तान्तरण भएको रकम यहि निर्देशिका बमोजिम खर्च हुनेछ ।

ग. कार्यक्रमको प्रभावकारी संचालनका लागि बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, चन्दादाता र समाजसेवी व्यक्ति वा संस्थाहरुबाट रकम संकलन गरि बिद्यालयले कोष संचालन गर्न सक्नेछ सो को संचालन बिद्यालयका प्र.अ. र बि.व्य.स. अध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

घ. अनुदानको प्रयोग बालबालिकाको आवास, खाना र खाजा, लत्ताकपडा, स्टेशनरी र पाठ्यपुस्तक, दैनिक सरसफाइका सामग्री, सामान्य स्वास्थ्य उपचार, आवासमा आयाको व्यवस्था मा गर्नुपर्नेछ।आयाको छनौट बिद्यालय व्यबस्थापन समितिको निर्णयबाट हुनेछ ।

ङ. विद्यालयले अनुदानको खर्चको अभिलेख राखी नगरपालिकालाई बार्षिक प्रतिवेदन बुझाउनेछ।

### ८. कार्यक्रम संचालन र व्यवस्थापनः

कार्यक्रमको संचालन र व्यवस्थापनको मुख्य जिम्वेवारी विद्यालय व्यवस्थापन समिति र बिद्यालयको हुनेछ यस कार्यक्रमबाट मुख्य गरि बिद्यालयले निम्नानुसार कार्य गर्नु पर्नेछः

क. असाहाय तथा अनाथ बालबालिकाहरुलाई आवासको सुविधा, बालबालिकाको हेरचाह, खानपान, लालनपालन र सामान्य उपचार सहितको गुणस्तरिय शिक्षा प्रदान गर्ने ।

ख. लिड स्कुलमा रहेका बालबालिकाहरुलाई सुरक्षित आश्रय दिने साथै बालबालिकाहरुको शारिरीक, मानसिक बिकास खेलकुद तथा मनोरञ्जनको सुविधाहरु उपलव्ध गराउने ।

ग. असाहाय र अनाथ बालबालिकाहरुको सर्वोत्तम हितका लागि बिद्यालयले कार्यक्रम बनाइ आवश्यक गतिबिधि तथा कार्यक्रम संचालन र व्यबस्थापन गर्ने ।

## परिच्छेदः ४

### ९. अनुगमन, मूल्याङ्कन, र पृष्ठपोषणः

यस कार्यक्रमको प्रमुख संरक्षक नगर प्रमुख हुनेछ र कार्यक्रमको प्रभावकारिता, अनुदानको सही प्रयोग र बालबालिकाको समग्र विकासको अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण तथा बिभिन्न संघ संस्था एवम् दाताहरु संग सहकार्य गर्नको लागि नगर उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको कार्यक्रम अनुगमन, मुल्यांकन तथा कार्यान्वयन समिति रहनेछः

| | |
|---|---|
| १. नगर उपप्रमुख | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ४. सम्बन्धित वडाको वडाअध्यक्ष | सदस्य |
| ५. स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ६. महिला तथा बालबालिका क्षेत्र हेर्ने कर्मचारी | सदस्य |
| ७. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

### १०. विविधः

क. आवश्यक परेका अन्य व्यवस्थाहरू यस निर्देशिका अन्तर्गत विद्यालय व्यवस्थापन समिति र नगरपालिकाले समन्वय गरी अघि बढाउनेछन्।

ख. निर्देशिकामा समयानुसार थप आवश्यकता परेमा संशोधन वा सुधार नगर कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूचिहरु

अनुसूची - १

**असहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रमका लागि आवेदन फारमको ढाँचा**

१बालबालिकाको विवरणः .

नाम थर...... उमेर........... लिङ्ग.......................................

गाउँपालिका//नगरपालिका .....वडा नं..........................................

जिल्ला ........... प्रदेश ..............................

विद्यालय .......................................................कक्षा ..........

स्वास्थ्य अवस्था ......................................................................

जन्म दर्ता भएको/नभएको

२बुवाको विवरण .

बु (१)वाको नाम ............................................................ थर ,

(२)बुवा नभएको भए सोको कारण) : क (मृत्यु भएको )ख( बेपत्ता )ग( अर्को विवाह गरी गएको )घ( अन्य.............

(३)बुवाको शारीरिक वा मानसिक अवस्था) : क (मानसिक रोगी (ख) पुर्ण अपाङ्ग अन्य अवस्था (ग) .............................

३आमाको विवरण .

आमा (१)को नाम ............................................................ थर ,

आमा (२) नभएको भए सोको कारण) : क (मृत्यु भएको )ख( बेपत्ता )ग( अर्को विवाह गरी गएको )घ( अन्य.............

आमा (३)को शारीरिक वा मानसिक अवस्था) : क (मानसिक रोगी (ख) पुर्ण अपाङ्ग अन्य अवस्था (ग) .............................

४. आमा वा बुवा वा अभिभावक अपाङ्ग भएमा अपाङ्गताको परिचय पत्र भएको/नभएको

- ✓ अपाङ्गताको प्रकार क ख ग घ

५. अभिभावक संरक्षकको/विवरणः

- ✓ अभिभावक/संरक्षकको नाम, थर .............................................
- ✓ पूरा ठेगाना ...................................................
- ✓ अभिभावक//संरक्षकको नागरिकता प्रमाण पत्र नम्बर ......................................
- ✓ बाल बालिका सँगको नाता सम्बन्ध भए खुलाउने ...................................

६. पारिवारिक विवरणः

| क्र.सं. | परिवारको सदस्यको नाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आवेदकको नामथरः हस्ताक्षरः मितिः

अनुसूची २

**<u>असहाय तथा अनाथ बालबालिका संरक्षण  कार्यक्रमका लागि लाभग्राहीहरुको अभिलेख</u>**

..........................नगरपालिकाको कार्यालय

....................................जिल्ला...................... प्रदेश

| लाभग्राही नम्वर | लाभग्राहीको नाम थर | अध्ययन गर्ने भए विद्यालय | | अभिभावकसंरक्षक/को नाम थर | अभिभावकसंरक्षक/को नागरिकता नम्बर | ठेगाना |
|---|---|---|---|---|---|---|
| | | नाम | कक्षा | | | |
| | | | | | | |
| | | | | | | |